# सम विकास केन्द्र (ईडिसी) नेपालको

## वार्षिक प्रगती प्रतिवेदन २०८२




**२०८१ श्रावण देखि २०८२ आषाढ सम्म**

**सम विकास केन्द्र (ईडिसी) नेपाल**

**डोटी सिलगढी**

**फोन नं ०९४ ४११०५०**

ईमेल: **edcnepal2053@gmail.com**

**Web: www.edcdoti.org.np, Facebook: EDC-Nepal**

# सम विकास केन्द्र (इडीसी) को वार्षिक प्रगती प्रतिवेदन, २०८२

**संस्थागत पृष्ठभूमि**

सम विकास केन्द्र (ईडीसी) नेपाल) एक गैर-सरकारी, गैर-नाफामूलक, सामुदायमा आधारित सामाजिक विकास संस्था हो। यस संस्थाको स्थापना सन् १९९७ मा सुदूरपश्चिम प्रदेशको डोटी जिल्लामा उत्साही र दूरदर्शी दलित युवाहरूको समूहद्वारा गरिएको हो। यो संस्था २०५३ चैत्र २७ गते विधिवत रूपमा जिल्ला प्रशासन कार्यालय डोटीमा दर्ता भई सन् १९९९ मा काठमाडौं स्थित समाज कल्याण परिषदमा आवद्ध भएको थियो। हाल इडीसीमा १०५ सदस्यहरू र २५ जना कर्मचारीहरू कार्यरत छन । ९ जनाको समावेशी कार्यसिमती संगै यस संस्थालाइ जवाफदेहि, पारदर्शि र सहभागिमुलक उत्तरदायि तरिकाले संचालन गर्न विभिन्न उपसिमतीहरू गठन गरी कार्यविभाजन गरिएको छ । यस संस्थाले नियमत रूपमा संस्था नविकरण, सदस्यता निवकरण, नियमित साधारण सभा, वार्षिक आन्तरिक तथा बाह्य लेखापरिक्षण, वार्षिक सामाजिक परिक्षण गर्दै आइरहकोछ। संस्थाका गितिविधिहरू, सेवा प्रवाह र संस्थागत जानकारीका वारेका सरकार, सरोकारवाला, साझेदार संस्था, लक्षित समुदाय लगायत सम्पुर्ण आम नागरिकहरूलाइ सुसुचित गर्न संस्थाको वयवसाइट (www.edcdoti.org.np), फेसबुक (EDC-Nepal) , इमेल म्यासेन्जर ग्रुप, सूचना पाटी र सूचना अधिकारीको ब्यबस्था गरिएको छ भने, कर्मचारी, लक्षित समुदाय तथा नागरिकका गुनासाहरू सम्बोधन गर्न संस्थामा गुनासो सुनुवाइ समितीको ब्यबस्था रहेको छ। ईडीसी-नेपालको आफ्नै कार्यालय भवन र तीन रोपनी क्षेत्रफलको जमिन छ। कार्यालय भवनमा पर्याप्त पूर्वाधार, कार्यालय सामग्री, फर्निचर, तथा दक्ष जनशक्ति उपलब्ध छन्। दुई दशकभन्दा बढीको समर्पित कार्यद्वारा संस्थाले विकास व्यवस्थापन र समुदाय सशक्तिकरणका क्षेत्रमा बलियो संस्थागत क्षमता र विश्वसनीयता कायम गरेको छ।

आफ्नो स्थापना काल देखि नै यस संस्थाले ग्रामीण तथा शहरी क्षेत्रका दलित, महिला, गरिब र अन्य सीमान्तकृत समुदायहरूको सामाजिक-आर्थिक, राजनीतिक र शैक्षिक सशक्तिकरण र विकासलाई प्रवर्द्धन गर्दै समतामुलक समाजको निर्माणको लागि मानव अधिकार, सामाजीक न्याय र सुशासनका पक्षमा वकालत गर्दै आइरहेको छ।

संस्थाको भिजन, मिशन, लक्ष्य, उद्देश्य र मूल सिद्धान्तहरूलाइ अत्मसात गर्दै यस संस्थाले कार्यान्वयनमा ल्याएको मानव अधिकारमा आधारित दृष्टिकोणले सामाजिक रूपान्तरण र सामाजिक न्याय प्रवर्द्धनमा मार्गदर्शन गरेको छ। सामाजिक, आर्थिक, राजनीतिक र शैक्षिक कारणले समाजमा पछाढी पारिएका, हेपीएका, अन्यायमा परेका शोषित पिडित दलित, महिला र सीमान्तकृत समुदायको सशक्तिकरण र विकास प्रक्रियामा सक्रिय सहभागिता र पहुँच सुनिश्चित गर्न योगदान पुऱ्याएको छ।

समाजमा पछाढी पारिएका दलित, महिला, हलिया तथा सिमान्तकृत समुदाय र वालवालिकाहरूलाइ लक्षित गरि यस संस्थाले यसवर्ष एक्शनएड नेपालको साझेदारीमा स्थानिय अधिकार कार्यक्रम दिपायल सिलगढी नगरपालिकाका ४, ५ र ७, शिखर न.पा.का १, २, ३, ४ र के.आइ.सिंह गा.पा.का ४,६ र ७ वडाका ३२८७ घरधूरीलाइ समेटी एकिकृत कार्यक्रम संचालन गरेको छ। यसैगरि एक्शनएड नेपालकै साझेदारीमा शिखर न.पा. वडा नं. १,३,४,६,७, ८ र ११ दिपायल सिलगढी न.पा.को १,६,७ र ९ र सायल गा.पा.को २,३,४ र ५ मा हलिया समुदायलाइ लक्षित गरि नेपालमा कृषिमा आधारित बधुवा श्रमको अन्त्य परियोजना संचालन गरेको छ जसबाट ३२३ घरधुरीका १२९२ हलीया परिवारका ब्यक्तीहरू लाभान्वित भएका छन भने, ड्रयानचर्स एड (डीसीए) नेपालको सहयोगमा शिखर नगरपालिकाको वडा न ५, ७ , ८, ९, १०, ११ र के. आई. सिंह गा.पा.को वडा नं १, २, र ३ का १०७७ घरधुरीलाइ समेटी पहुँच परियोजना संचालन गरिरहेको छ। यसै गरि ड्रयानचर्स एड (डीसीए) नेपालको सहयोगमा शिखर न.पा. वडा नं. ८ का ७५ दलित, सिमान्तकृत महिला, एकल महिलाहरूलाइ लक्षित गरि उनिहरूको आर्थिक स्थितीमा सुधार ल्याउन उपहार कार्यक्रम मार्फत बाखा वितरण गरिएको छ।

वालवालिका, यूवाहरूको सशक्तिकरण, गुणस्तरिय शिक्षा अधिकार, विध्यालय सुशासन प्रर्वद्दन र समाजमा ब्याप्त हानीकारक अभ्यासहरूका विरूद्द परिचालन गर्न १० वटा विधालयहरूमा वालक्लवहरू गठन गरिएका छन भने, तीनवटा पालिकाहरूमा किसोरी समुह, यूवा सञ्जाल गठन गरि के. आई. सिंह गा.पा.मा यूथहव संचालनमा आएको छ । दिपायल सिलगढी नगरपालिकाका चारवटा विध्यालयहरूमा दिवाखाजा भान्छाकोठा, छात्र छात्रा मैत्री, अपांगतामैत्री, महिनावारी मैत्री, शौचालय, फोहर ब्यबस्थापन पीट निर्माण, विध्यालय करेशावारी ब्यबस्थापन र खानेपानी तथा स्वच्छता सरसफाइ मार्फत वालवालिकाहरूको पोषण स्थतीमा सुधार गर्न मोफाजापानको आर्थिक सहयोग, गुडनेवर्स जापानको प्राविधिक सहयोग र गुडनेवर्स इन्टरनेशनल नेपालको साझेदारीमा डोटीमा वालवालिकाहरूको पोषण स्थितीमा सुधार परियोजना संचालनमा आएको छ। विभिन्न् साझेदार संस्थाहरूको सहयोगमा संचालन हुदै आएका कार्यक्रम तथा परियोजनालाइ प्रभावकारी बनाउन स्थानिय सरकार, जनप्रतिनिधि, विध्यालय, प्रहरी, प्रशासन, साझेदार संस्था, लगायत सम्बद्द सरोकारवाला निकाय, र लक्षित समुह समुदायको महत्वपुर्ण सहयोग र सहकार्यले विपन्न, दलित, महिला, यूवा, वालवालिका लगायत सिमान्तकृत समुदायको आर्थिक, सामाजिक र राजनैतिक परिवर्तन ल्याउनमा निकै ठुलो योगदान पुगेकोछ । यस संस्थाले संचालन गरेका विभिन्न कार्यक्रम तथा परियोजनाले डोटी जिल्लाका लक्षित समुह, समुदायमात्र नभएर **यी सबै गतिविधिहरूले** दिगो विकास लक्ष्यका बुँदा नं. १, ३, ४, ५, ८, १०, ११, १६, र १७ मा प्रत्यक्ष योगदान पुऱ्याएको छ। यी पहलहरूले सामाजिक न्याय, आर्थिक सशक्तिकरण, लैङ्गिक समानता र समावेशी विकासका माध्यमबाट दीगो विकासका मूल सिद्धान्त–"कसैलाई पनि पछि नछोड्ने (Leave No One Behind)" लाई व्यवहारमा उतार्न मद्दत गरेको छ।

**संस्थाको संक्षिप्त जानकारीः**

| सम विकास केन्द्र (इडीसी) नेपाल, डोटी | | | |
|---|---|---|---|
| संस्थाको अवस्था | गैर सरकारी संस्था | | |
| संस्था दर्ता नम्वर र मिती | ७० | जि.प्र.का. डोटी | २०५३।१२।२७ |
| समाज कल्याण परिषदको आवद्ता नम्वर र मिती | ९२६८ | समाज कल्याण परिषद, काठमाण्डौ | २०५६।५।२३ |
| स्थायी लेखा नम्वर | ३०१५०६९०२ | कर कार्यालय, धनगढी | २०६०।११।२१ |
| करछुट | २०६१।५।१८ | | |
| प्याडोर नम्वर | "NP-2013-EUV-3004908361" | | Europe Aid ID (PADOR) |
| सम्पर्क ठेगानाः | दिपायल सिलगढी नगरपालिका ५, सिलगढी | Email ID: edcnepal2053@gmail.com | Website: www.edcdoti.org.np Facebook Page: EDC Nepal |

**संस्थाको लक्ष्य, उद्धेश्य र मुल्यमान्यताः (Introduction to the NGO's Vision, mission Goal and objectives)**

**परिकल्पनाः** समतामुलक समाजको निर्माण हाम्रो अभियान


**ध्येयः** दलित, महिला, सिमान्तकृत तथा पछाडी पारिएका वर्गहरुको सशक्तिकरण, सम्मानजनक जिवनयापन, अधिकार, सामाजिक न्याय र समताकालागि न्यायपुर्ण समाजको निर्माण गर्ने।

**लक्ष्यः** सामाजिक रुपान्तरणको माध्यमबाट दलित, महिला, वालवालिका, अपांगता, सिमान्तकृत एवं पछाडीपारिएका वर्गसमुदायहरुको सामाजिक, आर्थिक, शैक्षिक, साँस्कृतिक एवं लैंगिक क्षेत्रमा पहुँच र जिवन स्तरमा सुधार गर्ने।

**संस्थाको रणनीतिक उद्धेश्यः**

१) मानव अधिकारः मानव अधिकारको प्रत्याभुती, समानताको सुनिश्चितता र सामाजिक न्यायको अनुभुति
२) महिला सशक्तिकरणः नेतृत्व विकासको अवसर, लैंगिक समानताको प्रवर्द्न, स्रोतसाधन तथा सेवामा पहुँच।
३) गुणस्तरिय शिक्षाः वाल अधिकारको संरक्षण, सुरक्षित सिकाइ वातावरणको विकास र शैक्षिक सुशासनको माध्यमबाट गुणस्तरिय सार्रवजनिक शिक्षामा पहुँच बृद्दी
४) गरिवी न्यूनिकरणः खाध्य सुरक्षा सुनिश्चितता, खाध्य तथा पोषण अधिकारको प्रर्वद्दन र लक्षित समुदायको जीवन स्तरमा सुधार।
५) सुशासनः सामाजिक जवाफदेहिता, पारदर्शिता र उरदायित्वको प्रर्वद्दन र अभ्यास
६) विपद जोखिम ब्यबस्थापन र जलवायु परिवर्तनः जलवायु अनुकुलन सामुदायिक अभ्यास, पुर्वतयारी, प्रतिकार्य र पुर्नस्थापनामा सहयोग
७) साझेदारी विकासः समुदायको आवश्यकता र माग सम्बोधनका लागि समन्वय, सहकार्य र साझेदारी

**संस्थाको प्रमुख कार्यक्रमका क्षेत्रहरूः**



**संस्थाको मुल्य मान्यताः (Value and principle of Organization)**

सम विकास केन्द्र नेपाल एक सदस्यतामा आधारित अभियान, आन्दोलनबाट स्थापित एक गैरसरकारी संस्था हो। जातिय छुवाछुत, लैंगिक विभेद, अन्याय र असमानताका विरुद्ध लडदै सामाजिक रुपान्तरणको अभियानमा क्रियाशिल यस संस्थाले परिकल्पना गरेको समतामुलक समाजको निर्माण हाम्रो अभियान भन्ने मुल परिकल्पनालाई साकार पार्न यस संस्थाले आफना नीति ब्यबहारलाई परिवेशका आधारमा क्रमिक रुपमा परिमार्जन तथा सुधार गर्दै संस्थागत विकास एंव पछाढी पारिएका वर्ग समुदायहरुको सशक्तिकरण, मानव अधिकारको सम्मान र संरक्षण, अधिकारको सुनिश्चितता, सबैखाले विभेदहरुको उन्मुलन, लैंगिक समानता, सामाजिक न्याय, सुशासन र  सामाजिक विकासका कार्यक्रम तथा अभियानहरुलाई जवाफदेहि, पारदर्शि र उत्तरदायी ढंगबाट अगाढी बढाउन निम्न बमोजिमका मुल्यमान्यतालाई पूर्णरुपमा परिपालन गर्दै आएको छ।

१) एकता


२) सहभागिता

३) मानविय ब्यबहार

४) समता


**संस्थाको कार्यक्षेत्रः (Geographical Working Areas)**

साविकमा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम दिपायल रहेको यस डोटी जिल्ला हाल सुदूर पश्चिम प्रदेशमा पर्दछ। सिलगढी सदरमुकाम रहेको यस जिल्लाको पूर्वमा अछाम र सुर्खेत, पश्चिममा डडेल्धुरा र बैतडी, उत्तरमा बझाङ तथा दक्षिणमा कैलाली जिल्लाहरू रहेका छन्। भविष्यमा सुदूर पश्चिम प्रदेशका सबै जिल्लाहरुलाई कार्यक्षेत्रको रुपमा समेटने लक्ष्य लिएको सम विकास केन्द्र नेपालले हाल भौगोलिक कार्यक्षेत्रको रुपमा समग्र डोटी जिल्लालाई ओगटेको छ जसमा डोटी जिल्लाका ३ वटा गाउँपालिका (के.आइ.सिंह गा.पा., सायल गा.पा., जोरायल गा.पा.) र २ वटा नगरपालिकाका (दिपायल सिलगढी न.पा. र शिखर न.पा.) का ४० वडाहरु यस संस्थाको कार्यक्षेत्रका रुपमा रहेका छन।





- दिपायल सिलगढी नगरपालिका वडा नं. १,४, ५, ६, ७, र ९
- शिखर नगरपालिका वडा नं. १, २,३,४, ५, ६, ७, ८, ९, १०, ११ र ११
- के.आइ.सिंह गा.पा. १,२,३, ४, ६ र ७
- सायल गाउँपालिका वडा नं.२,३,४ र ५
- जोरायल गाउँपालिका वडा नं. १, २, ३, ४, ५, र ६

**संस्थाका सदस्य एंव कर्मचारीहरुको विवरण र कार्यशैली**




| | Dalit | | Janjati | | Others | | Total | |
|---|---|---|---|---|---|---|---|---|
| | M | F | M | F | M | F | M | F |
| Execuetive Board | 4 | 3 | 0 | 0 | 2 | 0 | 6 | 3 |
| G. Members | 42 | 43 | 3 | 3 | 7 | 7 | 52 | 53 |
| Staffs | 15 | 2 | 1 | 0 | 1 | 6 | 17 | 8 |



**साझेदार संस्था र सहयोगी संस्था**

(१) एक्शनएड नेपाल
(२) ड्र्यानचर्सएड (डीसीए) नेपाल
(३) गुडनेवर्स इन्टरनेशनल नेपाल, मोफा जापान
(४) स्थानिय तह (नगर/गाउँ पालिका, वडा)
(५) सरकारी निकायहरू (शिक्षा, स्वास्थ्य, कृषि, प्रहरी, प्रशासन)
(६) समुदाय र सामुदायिक संगठन, संजाल, सहकारी
(७) अन्य गैसस र समान चाँसो भएका संस्थाहरू

**लाभान्वित वर्गको विवरण:**

| कार्यक्रम तथा परियोजनाहरू | दलित | | अन्य | | जम्मा | | वालवालिका | शिक्षक | अप्रत्यक्ष लाभान्वित परिवार |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | | | |
| एलआरपी | ५४४ | ३४ | ७७९ | १२९ | १३२३ | १६३ | ० | ० | ७४३० |
| पहुँच परियोजना | ८५६ | २२१ | ० | ० | ८५६ | २२१ | ० | ० | ५३५२ |
| इएबिएल परियोजना | २८१ | ४२ | ० | ० | २८१ | ४२ | ० | ० | ४२० |
| गीफ्ट परियोजना | ६१ | ० | २९ | ० | ९० | ० | ० | ० | ४५० |
| वास एण्ड न्यूट्रेशन परियोजना | ० | ० | ० | ० | ० | ० | १५७७ | ७९ | ० |
| जम्मा | **१७४२** | **२९७** | **८०८** | **१२९** | **२५५०** | **४२६** | **१५७७** | **७९** | **१३,६५२** |

**२०८१ श्रावण देखि २०८२ आषाढ मशान्त सम्म संचालित कार्यक्रमहरू:**

| पालिकाको नाम | कार्यक्रम तथा परियोजनाको नाम | कैफियत |
|---|---|---|
| १। दिपायल सिलगढी नगरपालिका | १। स्थानिय अधिकार कार्यक्रम | AAN |
| | २। कृषिमा आधारित बधुवाँ श्रमको अन्त्य परियोजना | AAN |
| | ३। वालवालिकाको पोषण स्थितीमा सुधार परियोजना | MoFA Japan/GNI |
| २। शिखर नगरपालिका | १। स्थानिय अधिकार कार्यक्रम | AAN |
| | २। पहुँच परियोजना | DCA |
| | ३। उपहार कार्यक्रम | DCA |
| | ४। कृषिमा आधारित बधुवाँ श्रमको अन्त्य परियोजना | AAN |
| ३। केआईसिंह गाउँपालिका | १। स्थानिय अधिकार कार्यक्रम | AAN |
| | ३। पहुँच परियोजना | DCA |
| ४। सायल गाउँपालिका | १। कृषिमा आधारित बधुवाँ श्रमको अन्त्य परियोजना | AAN |
| ५। जोरायल गाउँपालिका | १। स्थानिय अधिकार कार्यक्रम | AAN |

**संस्थागत रूपमा भएका कार्यहरूको प्रगती: (आ.व. २०८१/८२)**

- कार्यसमितीको बैठक ९ पटक
- कार्यक्रम ब्यबस्थापन समितीको बैठक १५ पटक
- पदपुर्ति र परिक्षा समितीको बैठक १२ पटक
- खरिद समितीको बैठक ११ पठक
- अनुगमन समितीको बैठक २ पटक

- आन्तरिक लेखा परिक्षण १ पटक
- श्रम अडीट १ पटक
- वार्षिक लेखा परिक्षण १ पटक

**आर्थिक वर्ष २०८१ श्रावण देखि २०८२ आषाढ महिना सम्म संस्थागत विकासमा भएका प्रगतीहरूः**

- संस्थाको आर्थिक नीति, मानव संशाधन नीति, २०५८ र खरिद कार्यविधि संशोधन गरि २०८२ श्रावण १ गते देखी लागु गरिएको छ। संस्थाका प्रायः सबै नीतिहरू अंग्रेजीमा बनाउन साझेदार संस्थासंग समन्वय अगाढी बढीरहेको छ।
- कर्मचारीको आचार संहिता संशोधन सहित २०८२ श्रावण १ गते देखी लागु गरिएको छ।
- कार्यसमितीको कार्यलाइ सहज र जिम्मेवार बनाउन विभिन्न उपसिमतीहरू (जस्तै, कार्यक्रम ब्यबस्थापन समिती, लेखा समिती, पदपुर्ति समिती, खरिद समिती, अनुगमन समिती आदी) गठन गरिनुको साथै पालिका इन्चार्ज तोकि कार्यान्वयन गरिएको छ।
- स्थानिय सरकार र सरकारका निकायहरूसंग समन्वय र सहकार्य गरी विभन्न दिवस तथा कार्यक्रमहरू सम्पन्न गरिएका छन। जस्तै, महिला दिवश, २१ मार्च, मुक्त हलिया दिवश, वालदिवश, आदी।
- आर्थिक वर्ष २०८१/८२ को कर चुक्ता, श्रम अडिट र वार्षिक अडिट सम्पन्न भएको छ।
- संस्थाको आन्तरिक खर्चमा मितब्ययीता कायम गरिएको छ।
- एक्शनएडको सहयोगमा संस्थाले भवन पछाढीको पहिरोको भागमा ग्याविङ जाली सहितको पर्खाल निर्माण गरि भवन सुरक्षित गरिएको छ ।
- मोफा जापान र गुडनेवर्स इन्टरनेशनल नेपालको साझेदारीमा दिपायल सिलगढी नगरपालिकाका चारवटा विधालय (दिल्पेश्वर मा.वि. दिपायल, दुर्गा मा.वि. पाकरी, सुनादेवी मा.वि. लडागडा, र अरूणोदय आधारभुत विध्यालय उडीतोला) हरूमा मार्च, २०२५ देखि डोटीका विधालय वालवालिकाहरूको पोषण स्थितीमा सुधार परियोजना संचालनमा आएको छ भने, एक्शनएड नेपालको साझेदारीमा जोरायल गाउँपालिकामा जुलाइ, २०२५ देखि स्थानिय अधिकार कार्यक्रम (LRP-46) संचालन गरिएकोछ।
- जोरायल गाउँपालिकामा सम विकास केन्द्रको सम्पर्क कार्यालय स्थापना भएको छ।
- संस्थाको वयवसाइट नियिमत अपडेट गरि फेसबुक पेज, म्यासेन्जर, भाइवर, ह्वाट्सएपको क्रियाशिलताले प्रभावकारी सूचना संचारमा सहयोग पुगेको छ ।
- संस्थाले लागु गरेको साप्ताहिक प्रतिवेदनको अभ्यास नियमित छ, जसले फिल्डका गितविधिहरूका वारेमा अपडेट हुन सहज बनाएको छ।
- संस्थाका संशोधित निति तथा आचारसंहिताका वारेमा संस्थाका पदिधकारी एवं कर्मचारीहरूलाइ अनुशिक्षण गरिएको छ।
- संस्था र संस्थाद्वारा संचालित कार्यक्रम तथा परियोजनाको आर्थिक कारोवारोमा जवाफदेहिता र पारदर्शिता बढेको।
- सामाजिक सुरक्षा एकाइ संचालनका लागि जिल्ला अस्पताल संग आ.व. २०८२/८३ को लागि सम्झौता पुनरावलोकन भएको छ।

**संस्थागत रणनीति उद्देश्यको नतिजा र आ.व. २०८१/८२ का गुणात्मक उपलब्धि तथा असर प्रभावहरूः**

आर्थिक वर्ष २०८१/८२ मा सम विकास केन्द्रद्वारा सञ्चालन भएका स्थानीय अधिकार कार्यक्रम, पहुँच परियोजना, उपहार कार्यक्रम, नेपालमा कृषिमा आधारित बधुवा श्रमको अन्त्य र डोटीमा बालबालिकाको पोषण स्थितीमा सुधार परियोजना मार्फत समुदायमा उल्लेखनीय उपलब्धि र सकारात्मक प्रभाव हासिल भएका छन्, जसको समीक्षा संस्थागत रणनीतिका आधारमा यस प्रकार गरिएको छ।

**नतिजा नं. १ मानव अधिकारः**

**समुदायमा मानव अधिकारको प्रत्याभूति, समानताको सुनिश्चितता र सामाजिक न्यायको अनुभूति बढ्दै गएको छ । महिला, दलित, श्रमिक र विपन्न समुदायहरूले आफ्नो अधिकारका विषयमा सचेत भई स्थानीय सरकार र सरोकारवालासँग वकालत गर्न र अधिकारको दावी गर्न थालेका छन् । यसले मानव अधिकारको व्यवहारिक अभ्यास, सामाजिक समावेशीकरण र न्यायमा पहुँच बृद्दिमा मद्दत पुगेको । मानव अधिकारका सवालहरूमा भएका उपलब्धिहरू यस प्रकार उल्लेख गरिएको छ।**



क) श्रमिक महिला संगठनहरूको क्षमता विकास, सचेतना र सशक्तिकरणका प्रयासहरूले उनीहरूलाई आफ्नो हक–अधिकार पहिचान गर्न, आवाज उठाउन र

न्याय पाउन सक्षम बनाएको छ। ती संगठनहरूका सक्रिय पहल र वकालतले स्थानीय तहमा श्रमिक अधिकार सुनिश्चिततामा ठोस प्रगति देखिएको छ, जुन यस प्रकार छन।

### *१. श्रमिक महिलाको सशक्तिकरण र वकालत क्षमता वृद्धि*

- श्रमिक महिला संगठनहरूको प्रशिक्षण, सञ्जाल निर्माण र नियमित संवाद कार्यक्रमले उनीहरूमा **श्रम अधिकार, समान ज्याला र सामाजिक सुरक्षा** सम्बन्धी ज्ञान र आत्मविश्वास बढाएको छ।
- श्रमिक महिलाहरूको हक अधिकारका सवाल, अभियान र संगठनको परिचालनका लागि श्रमिक महिला सिता पार्किले श्रमिक अभियान्ताको रूपमा नेतृत्व गर्दै अएकी छिन। आएकी छिन।
- उनीहरूले स्थानीय सरकार, सरकारका निकाय, प्रदेश र ठेकेदारहरूसँग वकालत र दवावमूलक पैरवी अभियान सञ्चालन गर्दै ठोस उपलब्धिहरू हासिल गरेका छन्। जस्तै, श्रमिकहरूको पहिचान, पञ्जीकरणको कार्य शुरू गर्न दि.सि.न.पा. प्रतिवद्द भएको छ, सूरक्षा सामाग्रीको उपलब्धता, ज्याला ठगी विरूद्द उजुरी, ज्याला बृद्दिका लागि अभियान र सामाजिक सुरक्षाका सवाल आदि।

### *२. न्यायोचित ज्याला र कार्यस्थल अधिकारमा सुधार*



- दिपायल सिलगढी नगरपालिकामा उपप्रमुखको संयोजकत्व र श्रमिक महिलाहरूको सहभागतिमा ५ सदस्यीय श्रम अनुगमन समिती गठन भै कार्यक्षेत्रमा नियमित रूपमा श्रम अनुगमन हुने अभ्यास संस्थागत भएको छ।
- अनौपचारिक क्षेत्रमा काम गर्ने महिलाहरूको ज्यालामा बृद्धि भएको छ।
- छोटो समयका लागि रु. ६०० बाट ७०० सम्म, र साथमा रु. ५० बराबरको खाजा उपलब्ध गराउने ब्यबस्था गरिएको छ।
- लामो समयका लागि रु. ६५० ज्याला, साथै ओभरटाइम भुक्तानी पनि सुरु भएको छ।
- दिपायल सिलगढी नगरपालिकामा होटल तथा पसलमा काम गर्ने १० जना श्रमिक महिलाको तलब रु. ६,००० बाट १०,००० मा बढेको छ।
- यसले महिलाको आर्थिक अधिकार, सम्मानजनक कामको अधिकार (Decent Work), र लैङ्गिक समानता सुनिश्चित गरेको छ।

### *३. सामाजिक सुरक्षा पहुँचमा विस्तार*

- दिपायल सिलगढी नगरपालिकाका २८ जना श्रमिक महिलाले श्रमिक बीमा (Labour Insurance) प्राप्त गरेका छन्।
- यसले श्रमिक महिलाको सामाजिक सुरक्षा र जोखिम व्यवस्थापन अधिकार बलियो बनाएको छ।

### *४. श्रमिक ठगी विरुद्ध कानुनी न्यायको सुनिश्चितता*




- श्रमिक संगठनहरूले २९ जना श्रमिकको ज्यालामा ठगी गर्ने ठेकेदारविरुद्ध न्यायिक समितिमा मुद्धा दायर गरेका छन्।
- के.आई. सिंह गाउँपालिकामा १५ जना श्रमिक महिलाले ठगिएको **रु. ६७,३५०** असुल गरेका छन्।
- यस्तै, १७ जना महिलाले ठेकेदारद्वारा खाद्यान्न दरमा भएको ठगीबाट **रु. ३९,३००** असुल गरेका छन्। यसले श्रमिक महिलाको **न्यायमा पहुँच, कानुनी संरक्षण र मानव मर्यादा** सुनिश्चित गरेको छ।

**निष्कर्ष (Conclusion)**

यी उपलब्धिहरूले श्रमिक महिलाहरूको **आर्थिक, सामाजिक र कानुनी अधिकार** सुदृढ गर्दै उनीहरूलाई आत्मनिर्भर र सशक्त नागरिकका रूपमा अघि बढ्न सहयोग गरेको छ। श्रमिक महिलाहरू अब:

- आफ्ना अधिकारका वारेमा सचेत र संगठित भएका छन्,
- समान ज्याला र सम्मानजनक कार्य वातावरणका लागि वकालत गर्न सक्षम भएका छन्,

- अन्याय वा ठगीको सामना गर्दा कानुनी बाटो अपनाउन जान्ने भएका छन् ।

यसरी यी गतिविधिहरूले श्रमिक महिला अधिकार, लैङ्गिक समानता (दीगो विकास लक्ष्य ५), सभ्य काम र आर्थिक वृद्धि (दीगो विकास लक्ष्य ८), असमानता न्यूनीकरण (दीगो विकास लक्ष्य १०), र न्यायिक पहुँच (दीगो विकास लक्ष्य १६) मा प्रत्यक्ष योगदान पुऱ्याएका छन् ।

**ख) दिपायल सिलगढी, शिखर नगरपालिका, सायल गाउँपालिका र के.आई. सिंह गाउँपालिकामा संचालित क्रियाकलापहरूले समुदायमा नागरिक, सामाजिक, आर्थिक र लैङ्गिक अधिकार प्रवर्धनको क्षेत्रमा अपेक्षित प्रगति भएको पाइन्छ ।**

१) **पहिचान र कानुनी अधिकारमा पहुँच**

- समूहका २ जना महिलाले विवाहपश्चात ७–९ वर्ष ढिलो भए पनि नागरिकता र विवाह दर्ता गराएका छन् ।
- ५ जना बालबालिकाको जन्म दर्ता गराई ३ जना बालबालिकाले पोषण भत्ता पाउन थालेका छन्, जसले पहिचान, सामाजिक सुरक्षा र बालअधिकार सुदृढ गरेको छ ।
- समुहमा आवद्द महिलाहरूले बैंक खाता खोलेका छन्, जसले उनिहरूको आर्थिक पहुँच र वित्तीय सशक्तिकरणमा सहयोग पुऱ्याएको छ ।

२) **महिला अधिकार र समानता प्रवर्धन**

- महिलाका मानव अधिकारका विषयमा स्थानिय सरकारको सहकार्यमा कार्यक्षेत्रमा विभिन्न दिवसहरू मनाइएका छन् ।
- किसोरी समुहद्वारा गरिएको प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी सचेतना अभियानले महिलामा आत्मविश्वास र स्वास्थ्य पहुँच बढाएको छ ।
- छाउपडी प्रथामा सुधार: २५ घरपरिवारका महिलाहरूले छाउ हुँदा सुरक्षित स्थानमा बस्ने र पोषिलो खाना खान सक्ने भएका छन् ।
- धार्मिक अगुवाहरू र समुदायको सहकार्यमा धार्मिक अन्धविश्वासका कारण हुने लैंगिक भेदभाव, महिला हिंसा, र निषेधात्मक अभ्यासहरूमा कमी आएको छ ।

३) **जातीय र सामाजिक विभेद न्यूनीकरण**




- के.आई. सिंह गाउँपालिकाको दलित बस्तीका ३५ घरधुरीमा सिनो खाने प्रथाको अन्त्य भएको छ ।
- वडा कार्यालयले यस्तो प्रथा कायम राख्ने घरपरिवारलाई सेवासुविधा रोक्ने निर्णय गरेको छ, जसले मानव मर्यादा र समानताको अधिकारलाइ प्रवर्धन गरेको छ ।
- समुह संगठनहरूमा सम्पन्न भएका सामाजिक भेदभाव, जातीय छुवाछुत लगायतका मानव अधिकार विरोधी सचेतना र अभियानले डोटी जिल्लाका शहरी क्षेत्र र सार्वजनिक स्थलहरूमा हुने गरेको जातीय छुवाछुतमा निकै कमी आएको पाइन्छ । तथापी दुर्गम ग्रामिण क्षेत्रमा अझैपनि छुवाछुत कायम रहेको पाइएको छ ।

४) **कानुनी पहिचानमा उपलब्धि**



- दलित महिलाहरू (संगिता कामी, दिपा बिक, सलिता सार्की, माता बिक) ले विवाहको १० वर्षपछि नागरिकता प्राप्त गरी सरकारी सेवा लिन सक्षम भएकी छन् ।
- यसले दलित महिलाको नागरिक अधिकार र राज्य सेवामा पहुँच सुनिश्चित गरेको छ ।

५) **हिंसा विरुद्धको कदम**

- गत वर्ष कार्यक्षेत्रमा ८ वटा घेरेलु हिंसाका घटना दर्ता भएका छन्, जसले अझै पनि लैङ्गिक हिंसा विद्यमान रहेको देखाउँछ ।
- यस्ता घटनाको उजुरी आउनु नै समुदायमा न्यायको खोजी र अधिकार चेतना बढ्दो संकेत हो ।

- लैङ्गिक हिंसाका घटनाहरुको रिपोटिङ्ग तथा प्रभावितको न्याय प्राप्ति र आवश्यक कानुनी उपचारमा सहयोग पुर्याउनका लागी इडीसी नेपालले दिपायल सिलगढी नगरपालिकाको लैंगिक हिंसा निवारण कोषमा नगर प्रमुखज्यू मार्फत रू. ५० हजार सहयोग उपलब्ध गराएको छ ।



६) **सामाजिक न्याय र समानतामा प्रगति**

- शिखर र दिपायल सिलगढीमा मुक्त हलिया समूह र अन्य दलित सञ्जालका अभियानहरूले जातीय छुवाछुत, लैङ्गिक भेदभाव, हिंसा र असमानता घटाउने साझा प्रयास गरेका छन् ।
- यसले श्रमिक महिला, दलित र विपन्न समुदायलाई मानव अधिकार र सामाजिक न्यायको अनुभूति गराएको छ ।

**निष्कर्ष**

यी गतिविधिहरूले स्थानीय तहमा **मानव अधिकारको संस्थागत अभ्यास, महिला सशक्तिकरण, जातीय समानता, र सामाजिक न्यायको सुनिश्चितता** तर्फ महत्वपूर्ण योगदान दिएको पाइन्छ । तर अझै पनि घरेलु हिंसा, ढिलो नागरिकता, र परम्परागत जातीय विभेदजस्ता चुनौतीहरू अवशिष्ट छन्, जसमा निरन्तर सचेतना र नीति–व्यवहारिक हस्तक्षेप आवश्यक छ तथापी यसपिरवर्तनले समानता र समावेशिता प्रवर्धन, न्यायिक पहुँच र मानव अधिकारको प्रत्याभूति, सामाजिक न्याय र सशक्त संस्थाको निर्माण मार्फत दीगो विकास लक्ष्यका बुँदा नं. ५, १०, १६, र आंशिक रूपमा १ मा योगदान पुऱ्याएको छ ।

**नतिजा नं. २ महिला सशक्तिकरणः**

**महिलाहरूले नेतृत्व विकासका साथसाथै सामिजिक रूपान्तरणको प्रक्रियामा अफनो सहभागिता बढाउदै आएका छन् । लैङ्गिक समानता प्रवर्द्धन, आर्थिक सशक्तिकरण, र सरकारी तथा सामुदायिक स्रोत–साधनमा पहुँच विस्तार भएको छ । महिलाहरू अहलेको अवस्थामा नीतिगत छलफल, योजना निर्माण, र स्थानीय संस्थागत संरचनामा सक्रिय भूमिका निर्वाह गर्नुको साथै महिला माथि हुने सबै खाले हिंसा, असमानता र अन्यायका विरूद्द वकालत गर्न र अधिकारको दावी गर्न सक्षम भएका छन् ।**

क) कार्य क्षेत्रका महिलाहरू (दलित महिलाहरू) सशक्तिकरण कार्यक्रमहरूमा सहभागी भएपछि घरपरिवार भित्रमात्र सीमित नभई समुदाय, नेतृत्व र निर्णय प्रक्रियामा सक्रिय भूमिका खेल्न थालेका छन् ।

ख) महिलाहरूले तालिम, गोष्ठी, र अभियानहरूमा सहभागिता जनाउँदै आफ्ना माग र विचारहरू खुला रूपमा प्रस्तुत गर्न थालेका छन् । समुदायका सामाजिक, विकास र निर्माणसम्बन्धी कार्यहरूमा पनि महिलाको सक्रियता र प्रतिनिधित्व उल्लेखनीय रूपमा वृद्धि भएको छ जुन यस प्रकार छ ।




१) **महिलाको नेतृत्वमा वृद्धिः** १८७ जना महिलाहरू विभिन्न समूह तथा समितिहरूमा प्रतिनिधित्व गरिरहेका छन् — १६ जना अध्यक्ष, २७ जना सचिव, ४८ जना कोषाध्यक्ष र ९६ जना सदस्य ।

२) **राजनीतिक सहभागिताः**

- १०९ जना महिलाहरूले विभिन्न राजनीतिक दलमा सदस्यता लिएका छन् ।
- दिपायल सिलगढी नगरपालिकाका ११ जना महिलाहरू श्रमिक ट्रेड युनियनमा सदस्य बनेका छन् ।
- ४५ जना दलित महिला र ६ जना अन्य महिलाहरू विभिन्न राजनीतिक दलका सदस्य बनेका छन् ।

३) **सामुदायिक योजना र सहभागिताः**

- ३५ वटा महिला समूहहरूले वडा र पालिकामा सामुदायिक कार्ययोजना पेश गरेका मध्ये ३ वटा योजना स्वीकृत भएका छन् ।
- ८१ जना महिलाहरू (७५ दलित, ६ अन्य) सामुदायिक कार्ययोजना तयार गर्न सक्षम भएका छन् ।

४) **आर्थिक सशक्तिकरण:** १९२ जना महिलाहरूले वडा कार्यालय मार्फत १०० दिन बराबरको रोजगारी प्राप्त गरेका छन् ।



५) **स्थानीय निकायमा प्रतिनिधित्व:**

- १८ जना (१५ दलित र ३ अन्य) महिलाहरूले स्थानीय व्यवसाय, उपभोक्ता समिति र स्वास्थ्य व्यवस्थापन समितिमा नेतृत्व पाएका छन् ।
- थप ९ जना महिलाहरू विभिन्न स्थानीय समितिहरूमा प्रतिनिधित्व गरिरहेका छन् ।

६) **संघ–संगठन सुदृढीकरण:** शिखर, दिपायल सिलगढी, केआइसिंह र सायल क्षेत्रमा दलित, विपन्न तथा सिमान्तकृत समुदायका महिलाहरूको नेतृत्व विकास, संगठन सुदृढीकरण र पैरवी अभियान प्रभावकारी बनेको छ, जसले उनीहरूलाई अधिकार दाबी गर्न सक्षम बनाएको छ ।

**निष्कर्ष:**

कार्य क्षेत्रका महिलाहरूको नेतृत्व, सहभागिता, र सामुदायिक सक्रियता उल्लेखनीय रूपमा बढेको छ । महिलाहरू अब घरभित्र मात्र सीमित नभई तालिम, गोष्ठी, अभियान, तथा विकास निर्माणका कार्यहरूमा सक्रिय छन् । १८७ जना महिलाहरू विभिन्न समूहसमितिमा नेतृत्व र सदस्यको रूपमा प्रतिनिधि/त्व गरिरहेका छन् । १०९ जना महिलाहरू राजनीतिक दलमा, ११ जना ट्रेड युनियनमा सदस्य बनेका छन् । १९२ जना महिलाले स्थानीय रोजगारी प्राप्त गरेका छन् । महिला र दलित महिलाहरूले सामुदायिक योजना तयार गरी प्रस्तुत गर्न सक्षम भएका छन्, जसले समानता, नेतृत्व क्षमता, सामाजिक सशक्तिकरण र अधिकार दाबीमा योगदान पुऱ्याएको छ । यी उपलब्धिहरूले महिलाहरू र दलित महिलाहरूको नेतृत्व क्षमता, राजनीतिक सहभागिता, रोजगारी र अधिकार चेतनामा गुणात्मक सुधार ल्याएको छ । उनीहरू अब समुदायका निर्णय प्रक्रियामा प्रभावकारी रूपमा सहभागी भई समानता र समावेशी शासनको अभ्यास गर्न थालेका छन् । यि प्रयासहले दीगो विकास लक्ष्यका बुँदा नं. ५, १, ८, १० र १६ लाइ योगदान पुर्याएको छ ।




**नतिजा नं. ३ गुणस्तरीय शिक्षा (Quality Education)**

विद्यालयमा गरीएका गतिविधिहरूले बालअधिकारको संरक्षण सुनिश्चित गर्दै, सुरक्षित र समावेशी सिकाइ वातावरण सिर्जना गर्नमा मद्दत पुरयाएको छ । विद्यालयहरू शैक्षिक सुशासन प्रवर्द्धन गरेर गुणस्तरीय सार्वजनिक शिक्षामा पहुँच बढाउने प्रक्रियामा रहेको पाइन्छ । बालबालिकाहरूले अधिकारपूर्वक सिक्न पाउने वातावरण, शिक्षक र अभिभावकको सचेतना, तथा शैक्षिक स्रोतसाधनको उपलब्धताले गुणस्तरीय शिक्षा सुनिश्चित गर्नमा यस वर्ष संचालित क्रियाकलापहरूले सहयोग गरेको छ । नतिजा नं. ३ ले बालअधिकार संरक्षण, गुणस्तरीय शिक्षा पहुँच, सुरक्षित सिकाइ वातावरण र शैक्षिक सुशासन सुनिश्चित गर्दै दिगो विकास लक्ष्य ४, ५, १०, र १६ मा प्रत्यक्ष योगदान पुऱ्याएको छ ।

**क) बालबालिकाको शिक्षा सुधार र गुणस्तरीय शिक्षा पहुँच**

कार्यक्रम अवधिभर, कार्यक्षेत्रका बालबालिकाहरूको विद्यालयमा उपस्थिति, सिकाइ उपलब्धि, र अधिकार–सहमति प्रक्रियामा सहभागिता उल्लेखनीय रूपमा वृद्धि भएको छ, जुन यस प्रकार छ ।




१) **विद्यालयमा पुन: भर्ना र नियमित उपस्थिती:**

- ११ जना बालिकाहरू १–२ वर्ष विद्यालय छोडेपछि पुन: भर्ना भएका छन् ।
- २८ जना उमेर पुगेका बालबालिकाहरू नियमित विद्यालय भर्ना भएर अध्ययन गरिरहेका छन्।

२) **शैक्षिक उपलब्धि र अंकमा सुधार:**

- भूमिराज मा.वि.: ६१.२४% ⟶ ७०%
- श्री देवस्थल मा.वि.: ७०.२५% ⟶ ७३.२५%

- श्री झिमे मालिका मा.वि.: ४३% ⟶ ४५%
- श्री दुर्गा आधारभूत विद्यालय: ५०% ⟶ ५३%
- श्री महाकाली मा.वि.: ५०% ⟶ ५३%
- श्री भनानी मा.वि.: ५५% ⟶ ६५.६%
- शैक्षिक उपलब्धिमा समग्र सुधार देखिएको छ।



३) **वालबालिकाको सहभागिता र समस्या समाधान:**

- विद्यालयमा नियमित छलफल र वाल क्लब बैठकमार्फत १६ वटा गुनासाहरू उठाइएका थिए।
- ११ वटा गुनासाहरू तत्काल समाधान गरिएको र बाँकी गुनासाहरू पालिकामा पठाइने प्रक्रिया सुरु गरिएको छ।

४) **सहभागिता र सचेतना कार्यक्रम:**

- १० विद्यालयका १४४० विद्यार्थी (७४५ पुरुष, ६९५ महिला) अभिमुखीकरण कार्यक्रममा सहभागी भई जलवायु परिवर्तन, अनुकूलन र न्यूनीकरण उपायहरूबारे जानकारी प्राप्त गरि विद्यालय सरसफाइ अभियान संचालन गरेका थिए।
- विद्यार्थीहरूले घरमा सिकेको कुरा बाँड्ने प्रतिवद्धता व्यक्त गरेका छन्।

५) **पर्यावरणीय शिक्षा र व्यवस्थापन:**

- ४ वटा विद्यालयले वृक्षारोपण गरेका छन्।
- ४ वटा विद्यालयमा कुहिने र नकुहिने फोहरको अलग–अलग व्यवस्थापन सुरु भएको छ।



६) **विशेष समूह बालबालिकाको सहभागिता:**

- मुक्त हलिया तथा दलित बालबालिकाहरू पुनः विद्यालय भर्ना भएका छन् (९ जना)।
- शैक्षिक सामग्री र छात्रवृत्तिका कारण विगतको भन्दा ३% ले बालबालिकाको सिकाइ उपलब्धिमा वृद्धि देखिएको छ।

**निष्कर्ष:**
यी गतिविधिहरूले **बालबालिकाको नियमित विद्यालय उपस्थिती, गुणस्तरीय शिक्षा पहुँच, सिकाइ उपलब्धि, र बालअधिकार संरक्षण**मा स्पष्ट सुधार ल्याएको छ। बालबालिकाले विद्यालयमा आफ्नो आवाज उठाउन र गुनासाहरू समावेश गराउन सक्षम भएका छन्, जसले **शैक्षिक सुशासन र समावेशी सिकाइ वातावरण** सुनिश्चित गरेको छ।

**परियोजनाको नाम: डोटीमा** विद्यालय वालवालिकाहरूको पोषण स्थितीमा सुधार परियोजनाः

- **कार्यक्षेत्र:** दि.सि.न.पा वडा नं. ३,७ र ८ का ४ वटा स्कूल: दुर्गा मा.बि.पाकरी, अरुणोदय आ.बि. उडितोला, सुनादेवी मा.बि. लड़ागडा र दिल्पेश्वर मा.वि. दिपायल
- **साझेदार संस्था:** मोफा गुडनेवर्स जापान र गुडनवर्स इन्टरनेशनल नेपाल।



**परियोजनाको** अपेक्षित **नतिजा:**

- बिद्यालय करेसावारी तथा भान्साकोठाको उचित व्यस्थापन
- विद्यालय खानेपानी सरसफाइ तथा स्वच्छतामा पहुँच

- सरसफाइ तथा स्वच्छतामा सम्बन्धी ज्ञानमा बृद्धी ।
- पोषण ज्ञानमा बृद्धी ।



**हाल सम्मको उपलब्धि:**

- चारवटै विद्यालयमा विद्यालय व्यवस्थापन समिति, अभिभावक र शिक्षकको सहभागितामा दिवा खाजा व्यवस्थापन समिति गठन भई अभिमुखीकरण गरिएको छ । जुलाई महिनादेखि करेसाबारी सञ्चालन भई बर्खे सिजनका तरकारी उत्पादन करिब) २५ केजीगरेर विद्यार्थीलाई दिवा खाजामा प्रयोग ( गर्न थालिएको छ। साथै, चारवटै विद्यालयमा भान्सा कोठा निर्माण कार्य जारी रहेको छ सम्म %६५) (प्रगति । अगस्ट महिनामा ८ पटक करेसाबारी व्यवस्थापन र रासायनमुक्त तरकारी उत्पादन सम्बन्धी सत्र सञ्चालन गरिएको छ ।



- शिक्षक र वि.स.व्य.का सदस्य, १४३ जना शिक्षक, कर्मचारी र अभिभावकलाई पोषण ता स्वास्थ्य सम्बिन्ध क्षामता विकास गिरएके छ । ४ वटा विद्यालयहरूमा ५६ सदस्यीय बाल क्लब गठनपुनर्गठन गरी वार्षिक कार्ययोजना अनुसार कार्यान्वयन भइरहेको छ/ । साथै, ती विद्यालयहरूमा बालबालिकाको पोषण विश्लेषण गर्दा सबैको अवस्था सामान्य रहेको पाइएको छ, बाल क्लबको नेतृत्वमा विद्यालय सरसफाइ कार्यक्रम सञ्चालन भइरहेको छ, र छात्र-छात्रा शौचालय, भान्सा कोठा, बायो-सेन्डसहित खानेपानी धारा तथा फोहर व्यवस्थापन खाडल निर्माण कार्य जारी छ ।

**नतिजा नं. ४: गरिबी न्यूनिकरण (Poverty Reduction)**

यस वर्षका कार्यक्रमका गतिविधिहरूले लक्षित समुदायमा खाद्य सुरक्षा सुनिश्चित, खाद्य तथा पोषण अधिकार प्रवर्द्धन, र जीवनस्तर सुधारमा योगदान पुऱ्याएको पाइन्छ । परिवारहरूले पोषणयुक्त खाना प्राप्त गरेका छन्, बालबालिकाको पोषण स्तरमा सुधार आएको छ, र श्रमिक महिला, दलित तथा विपन्न समुदायले रोजगारी, आर्थिक पहुँच र सामाजिक सुरक्षा जस्ता अवसर प्राप्त गरेका छन् । यसले समग्रमा दारिद्र्ता घटाउने र जीवनस्तरमा सुधार ल्याउने कार्यलाई सुदृढ बनाएको छ। नतिजा नंले ४ . खाद्य सुरक्षा, पोषण अधिकार, जीवनस्तर सुधार, र दारिद्र्य न्यूनीकरण सुनिश्चित गर्दै दीगो विकास लक्षयका बुँदा नं १०र ,३ ,२ ,१ .मा प्रत्यक्ष योगदान पुऱ्याएको छ।



क) महिला स्वरोजगार र जीविकोपार्जन **(Women's Livelihood and Self-employment)** को क्षेत्रमा कार्यक्षेत्रका महिलाहरूलाइ सानाखाले व्यवसाय सञ्चालन गरेर जीविकोपार्जनमा सहयोग प्रदान गर्न घुम्तीकोष तथा अनुदान सहयोग गरिएको छ। यसले महिलाहरूको आर्थिक सशक्तिकरण, सामाजिक स्थिति सुधार र गरिबी न्यूनिकरणमा सकारात्मक योगदान पुऱ्याएको छ। घुम्तीकोष तथा अनुदान प्राप्त महिलाहरूले जिविकोपार्जनका लागि संचालन गरेका ब्यबशायहरू र उनिहरूको जिवनमा अएको परिवर्तन यस प्रकार उल्लेख गरिएको छ ।



१) **सानाखाले व्यवसाय सञ्चालन:**

- ३० जना महिलाहरूलाई वाख्रापालन, बंगुरपालन, कुखुरा पालन, खुद्रा पसल, र सिलाई–कटाइ व्यवसायमा सहयोग ।
- ६३४ जना महिलाहरू नियमित रूपमा सानाखाले व्यवसायमा संलग्न भई जीविकोपार्जन गर्दै आएका छन्।

२) **आर्थिक लाभ र प्रयोग:**

- महिलाहरूले मासिक ५,०००–३०,००० रुपैयाँसम्म

आम्दानी गर्न थालेका छन ।

- आम्दानीबाट घर खर्च, बैंक जम्मा, व्यक्तिगत आवश्यक सामग्री खरिद, बालबालिकाको स्टेशनरी खरिद, र तराईमा जग्गा खरिद गर्ने जस्ता कार्य गर्दै आएका छन ।



**३) व्यवसायिक कृषक र उद्यमीलाई सहयोग:**

- १६ जना किसानलाई पालिकाबाट २०,०००–२५,००० रुपैयाँ अनुदान।
- के आई सिंह वडा न. १ की सदस्य सुन्तली वि.क.: सहयोगबाट ३ वाख्रा खरिद, १ वटा वोकाको बिक्री रु १६,०००।
- शिखर नगरपालिका: भावना रोकायाले मासु पसल सञ्चालन, मासिक आम्दानी रु १५,०००।
- पुस्पा तामाकार, भागरती दमाई र कल्पना मल्ल: सिलाई व्यवसाय मार्फत मासिक रु १७,००० आम्दानी।



**४) समुदायमा प्रभाव:**

- मुक्त हलिया समुदायका महिला स्वरोजगारका माध्यमबाट आत्मनिर्भर हुन थालेका छन् ।
- सामाजिक हैसियत, आर्थिक पहुँच र गरिबी निवारणमा सकारात्मक योगदान पुगेको छ।

**निष्कर्ष:**

कार्यक्रमले महिलाहरूलाई स्वरोजगारको अवसर, आर्थिक सशक्तिकरण, र जीवनस्तर सुधार प्रदान गरेको छ। यसले लक्षित समुदायमा आत्मनिर्भरता, सामाजिक स्थिति सुधार र गरिबी न्यूनीकरण सुनिश्चित गरेको छ।

**नतिजा नं. ५: सुशासन (Good Governance)**

कार्यक्रम अवधिभर, कार्यक्षेत्रमा सामाजिक जवाफदेहिता, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्न सुशासन प्रवर्द्धनका विभिन्न कार्यहरू सम्पन्न गरिएका थिए । स्थानिय सरकार, विद्यालय, महिला समूह, र समुदायमा निर्णय प्रक्रियामा सहभागिता बढाइएको छ । गुनासो सुनुवाई, अनुगमन, योजना स्वीकृति, रोजगार र नागरिक वडापत्रमार्फत समुदायले आफ्ना अधिकार र आवश्यकतामा प्रत्यक्ष पहुँच बढाउन पाएका छन्।



१) **विद्यालय सुशासन:**

- कार्यक्षेत्रका विद्यालयमा गुनासो सुनुवाई संयन्त्र निर्माण र सञ्चालन ।
- वालबालिका र अभिभावकको विद्यालयप्रति चाँसो र सहभागिता वृद्धि ।
- विद्यालय अनुगमन प्रक्रियामा सुधार र निरन्तरता ।
- पालिका स्तरिय शिक्षा सरोकार मञ्च गठन ।

२) **महिला समूहको योजना र सहभागिता:**

- स्थानिय सरकार समक्ष ३४ वटा महिलामैत्री योजनाहरू पेश, २३ वटा योजना स्वीकृत ।

३) **रोजगारी र आर्थिक सहभागिता:**

- ११५ जना दलित महिला र ८५ अन्य महिलाहरूले **प्रधानमन्त्री स्वरोजगार कार्यक्रम** मार्फत १०० दिन बराबरको रोजगार प्राप्त।

४) **नागरिक सहभागिता र वकालत:**

- ३५ जना दलित महिला र ६ अन्य महिलाले **वडामा नागरिक वडापत्र राख्नुपर्ने** विषयमा वकालत।

५) **नीति र अभ्यास:**

- लैंगिक हिंसा निवारण कोष स्थापना, कार्यविधि निर्माण, अर्ग्यानिक तरकारी खेती कार्यविधि कार्यान्वयनमा पालिकालाइ सहयोग।
- सुशासन प्रवर्द्धनका अभ्यास र नीति कार्यान्वयनमा **समुदायको आवश्यकतासँग मेल खाने निर्णय** सुनिश्चित।

**निष्कर्ष:**

नतिजा नं. ५ ले कार्यक्षेत्रमा सामाजिक जवाफदेहिता, पारदर्शिता, उत्तरदायित्व, र समुदाय सहभागिता सुनिश्चित गर्दै स्थानिय तह, विद्यालय, महिला समूह र स्थानीय निकायमा सुशासन अभ्यास प्रवर्द्धन गर्नमा मद्दत गरेको छ।

**नतिजा नं. ६ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन (Disaster Risk Management & Climate Change)**



कार्यक्षेत्रमा जलवायु अनुकूलन, जोखिम पूर्वतयारी, प्रतिकार्य र पुनर्स्थापनामा सामुदायिक सहभागिता सुनिश्चितका पयासहरू गरिएका छन। युवा, महिला र मुक्त हलिया समुदाय सक्रिय भई सामुदायिक जलवायु न्याय, फोहर व्यवस्थापन, वृक्षारोपण, जलस्रोत संरक्षण र विपद जोखिम न्यूनीकरणका अभ्यासहरूमा संलग्न भएका छन्।

१) **अभिमुखीकरण र क्षमता विकास:**

- १० युवा सञ्जाल, ३८ महिला समूह र रिफ्लेक्ट सर्कलमा जलवायु न्याय सम्बन्धि कार्यक्रम।
- ८८१ दलित महिला र १३५ अन्य महिलाले जलवायु परिवर्तन, न्युनिकरण र अनुकूलन उपायहरूको जानकारी प्राप्त।

२) **विद्यालय तथा सामुदायिक अभियान:**



- ५ विद्यालयमा प्लास्टिक जन्य फोहर व्यवस्थापनका लागि खाल्डो निर्माण (वालबालिकाको नेतृत्वमा)।
- स्थानिय स्तरमा जलवायु परिवर्तन न्युनिकरण र अनुकूलन अभ्यास।

३) **घरेलु र सार्वजनिक अभ्यास:**

- ३८२ दलित र १३५ अन्य घरधुरी महिलाले घर आँगन सरसफाई, भाडा सुकाउने चाङ्क निर्माण, पानी स्रोत सरसफाई, र सार्वजनिक जग्गामा वृक्षारोपण।
- २४५ दलित महिला र १०९ अन्य महिलाले प्लास्टिक खाल्डो निर्माण र फोहर अलग-अलग व्यवस्थापन।
- ६२ दलित महिला र ३९ अन्य महिलाले कम्पोस्ट मल उत्पादन, खेतमा विषादी प्रयोग नगर्ने प्रतिबद्धता।

४) **सामुदायिक संरक्षण:**

- शिखर नगरपालिका वडा न. ७, मस्टा महिला समूहका २५ जना महिलाले सामुदायिक वनमा आलो दाउरा र छाडा गाई-गोरु बन्देज।
- मुक्त हलिया समुदायका विभिन्न अभियानहरूमा जलवायु उत्थानशीलता, विपद जोखिम व्यवस्थापन, चाङ्क/जुठ्यान/पोखरी निर्माण, वृक्षारोपण, बन फाडनी नियन्त्रण, आगलागी नियन्त्रण।

**संक्षिप्त निष्कर्ष:**
नतिजा नं. ६ ले **समुदायमा जलवायु अनुकूलन क्षमता, विपद जोखिम न्यूनीकरण र वातावरणीय संरक्षण** सुनिश्चित गर्दै **स्थानीय स्तरमा सामुदायिक जलवायु न्याय र सशक्तता**मा महत्वपूर्ण योगदान पुर्‍याएको छ।

**नतिजा नंसाझेदारी विकास ७ . (Partnership Development)**
यसवर्ष कार्यक्षेत्रमा समुदायको आवश्यकता र माग सम्बोधन गर्न समन्वय, सहकार्य र साझेदारी प्रवर्द्धनमा जोड दिइएको छ। राष्ट्रिय तथा स्थानीय संस्थासँगको साझेदारीले परियोजनाका गतिविधिहरूलाई बलियो र दिगो बनाएको छ।

१) **संस्थागत साझेदारी:**
- एक्शनएड नेपालले वाल प्रायोजन र स्थानिय अधिकार कार्यक्रम संचालन गर्न दीगो सेदार संस्थाको रूपमा इडीसी लाइ छनोट गरेको छ।
- एक्शनएड नेपालको संस्था लेखाजोखाको क्रममा सम विकास केन्द्र उत्कृष्ट स्थानमा परेको छ।

२) **मानव संसाधन विकास:**
- यस वर्ष ४ जना कर्मचारीले जिल्ला वाहिर विभिन्न तालिम प्राप्त गरि क्षमता विकास गर्ने अवसर प्राप्त गरेका छन।

३) **आर्थिक सहयोग:**
- शिखर नगरपालिका वडा न. १० मा महिलाको कार्यबोझ कम गर्न ३,५०,००० रुपैयाँको हाते ट्याक्टर खरिद र हस्तान्तरण।
- के आई सिंह गाउँपालिका १ र संस्थाको सहयोगमा मिल सञ्चालन।



४) **सामुदायिक अन्तरक्रिया र सहभागिता:**
- शिखर, दिपायल सिलगढी र सायल गाउँपालिकामा पालिकासँग समन्वय, सहकार्य र आर्थिक सहयोगमा मुक्त हलिया र दलित समुदायको सम्मेलन/भेला सम्पन्न।
- मुक्त हलियाको पुनर्स्थापना कार्यलाई अघि बढाउने संकल्प।

**संक्षिप्त निष्कर्ष:**
नतिजा नं. ७ ले स्थानीय र राष्ट्रिय साझेदारी, समन्वय, सहकार्य र आर्थिक सहयोग सुनिश्चित गर्दै समुदायका आवश्यकता र मागको प्रभावकारी सम्बोधनमा योगदान पुर्‍याएको छ।



समग्रमा सम विकास केन्द्रको १ देखि ७ सम्मको रणनितीक नतिजाले सामाजिक न्याय, लैङ्गिक समानता, शिक्षा, गरिबी न्यूनीकरण, वातावरणीय संरक्षण, र साझेदारी/समन्वय मार्फत दिगो विकास लक्ष्यहरूमा प्रत्यक्ष योगदान पुर्‍याएको छ।

| नतिजा | मुख्य उपलब्धिहरू | सम्बद्ध SDG लक्ष्य | योगदानको सारांश |
|---|---|---|---|
| **नतिजा १ – मानव अधिकार** | नागरिकता, विवाह दर्ता, पोषण भत्ता, बालबालिका र महिलाको अधिकार प्रवर्द्धन। | ५, १०, १६ | लैङ्गिक समानता, सामाजिक समावेशीकरण, न्याय र मानव अधिकारको अनुभव सुनिश्चित। |
| **नतिजा २ – महिला तथा दलित** | महिला नेतृत्व, राजनीतिकसामुदायिक सहभागिता/, रोजगारी र | १, ५, ८, १०, | दारिद्र्य न्यूनीकरण, लैङ्गिक समानता, सभ्य काम, |

| | | | |
|---|---|---|---|
| **सशक्तिकरण** | अधिकार दाबी। | १६ | असमानता घटाउने, न्याय सुनिश्चित। |
| **नतिजा ३ – गुणस्तरीय शिक्षा** | बालबालिकाको सुरक्षित शिक्षा, बालअधिकार संरक्षण, गुणस्तरीय सार्वजनिक शिक्षा पहुँच वृद्धि। | ४, ५, १०, १६ | गुणस्तरीय शिक्षा, बालअधिकार संरक्षण, लैङ्गिक समानता, असमानता न्यूनीकरण। |
| **नतिजा ४ – गरिबी न्यूनिकरण** | खाद्य सुरक्षा, पोषण अधिकार, जीवनस्तर सुधार, महिला स्वरोजगार। | १, २, ३, १० | दारिद्र्य न्यूनीकरण, भोकमुक्ति, स्वास्थ्य सुधार, सामाजिक असमानता घटाउने। |
| **नतिजा ५ – सुशासन** | सामाजिक जवाफदेहिता, पारदर्शिता, उत्तरदायित्व, महिलासमुदाय सहभागिता/ | ४, ५, १०, १६ | सहभागी निर्णय, पारदर्शिता, सामाजिक जवाफदेहिता, शिक्षारोजगारीमा समान पहुँच सुनिश्चिता/ |
| **नतिजा ६ – विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन** | जलवायु अनुकुलन अभ्यास, फोहर व्यवस्थापन, वृक्षारोपण, जलस्रोत संरक्षण। | ११, १२, १३, १५ | दिगो शहरसामुदायिक जीवन/, जिम्मेवार उपभोग, जलवायु अनुकुलन, पारिस्थितिकी संरक्षण। |
| **नतिजा ७ – साझेदारी विकास** | स्थानीयराष्ट्रिय साझेदारी/, समन्वय, आर्थिक सहयोग, मुक्त हलिया पुनर्स्थापना। | १७ | साझेदारी र संसाधन समन्वय मार्फत दिगो विकास सुनिश्चित। |

## सर्भिस डेलीवरी (आ.व. २०८१ श्रावण देखि २०८२ आषाढ सम्म) (July 2024 to June 2025)

| सेवाका प्रकारहरु | सेवा वितरणको उदेश्य | सेवा प्राप्त गर्नेको संख्या | लाभिन्वत संख्या | | | हालको अवस्था |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | वालवालिका | |
| महिलाको कार्यबोझमा कमि ल्याउन खानेपानी र मिल सहयोग (रु.४०३,२५०) | महिलाको कार्यबोझमा कमि ल्याउने | ५५० घरधुरी | | | | पुर्ण रुपमा संचालनमा आएको र समुदायलाई हस्तान्तरण समेत गरिएको । |
| सुरक्षित आवास गृहमा सामग्रीहरु सहयोग (रु.४४,९७३) | हिंसा पिडित महिलाहरुलाई कानुनी उपचारमा सहयोग पुऱ्याउन । | ३ जना | | | ० | शिखर न.पा.मा संचालनमा आएको |
| लैंगिक हिंसा निवारण राहत कोषमा रकम सहयोग (रु. ५०,०००) | हिंसा पिडित महिलाहरुलाई कानुनी उपचारमा सहयोग पुऱ्याउन । | २ जना | ० | ० | ० | दि.सि.न.पा.लैगिकं हिंसा निवारण कोषमा चेक हस्तान्तरण । |
| LRP अन्तरगतका कार्यक्षेत्रका ७ वटा विद्यालयलाई सिकाई सामग्रीहरु सहयोग (रु. ३७६,०००) | गुणस्तरिय शिक्षा प्रवर्द्धनमा सहयोग पुऱ्याउन । | ० | ० | ० | २,६७५। | सहयोग गरिएका सामग्रीहरु पुर्ण रुपमा प्रयोगमा आएका छन । |
| LRP अन्तरगतका कार्यक्षेत्रका ३ वटा विद्यालयमा रेष्टरुमको लागी सामग्रीहरु सहयोग (रु. ९४,६७५) | महिनावारी भएको बेला किशोरीहरुलाई आराम गर्न । | ० | ० | ० | | रेष्टरुम पुर्ण रुपमा प्रयोगमा आएका छन । |
| LRP अन्तरगतका कार्यक्षेत्रका ४ वटा विद्यालयमा सेनेटरीप्याड सिस्पोजल मेसिन सहयोग (रु. १७४,२४६) | प्याड व्यवस्थापन सहित विद्यालयमा किशोरीहरुको नियमितता बढाउने । | १६३ जना | ० | ० | | संचालनमा आएको । |
| LRP अन्तरगत ३० जना गरिब तथा जेहेन्दार वालवालिकाहरुलाई शैक्षिक सामग्रीहरु सहयोग (५३,४१४) | गुणस्तरिय शिक्षा प्रवर्द्धनमा सहयोग पुऱ्याउन | ३० जना | ० | ० | ३० जना | सहयोग प्राप्त गरेका वालवालिकाहरु नियमित विद्यालय जाने गरेका छन । |
| वाल केन्द्रित सिकाई तालिम पश्चात सामग्रीहरु सहयोग (४८,०००) | गुणस्तरिय शिक्षा प्रवर्द्धनमा सहयोग पुऱ्याउन | ११ वटा विद्यालय | ० | ० | २,६७५। | संचालनमा आएको |
| भूमिराज मा.वि.मा महिलामैत्रि शौचालय निर्माणमा सहयोग (रु. ३००,०००) | गुणस्तरिय शिक्षा प्रवर्द्धनमा सहयोग पुऱ्याउन | | | | १७६ | संचालनमा आएको |
| देवस्थल मा.वि. मा वालमैत्रि धारा निर्माणमा सहयोग (रु १५०,०००) | गुणस्तरिय शिक्षा प्रवर्द्धनमा सहयोग पुऱ्याउन | | | | १५७ | संचालनमा आएको |
| के.आई.सिंह ४ मा अर्गानिक खेती प्रबर्द्धनको लागी सिचाई पोखरी निर्माण (रु १५०,०००) | महिलाहरुलाई तरकारी खेतीको माध्यम बाट आय आर्जनमा संलग्न गराउन | ६५ घरधुरी | ० | ० | ० | संचालनमा आउन बाँकी |
| कार्यक्षेत्रका ३० जना महिलाहरुलाई साना खाले व्यवसाय संचालनको लागी सहयोग। (७५०,०००) (Goat- 5, Chicken-10, Grocery-7, Cow-2, Vegetable farming-3, Tailoring-2, Beauty parlor-1) | महिलाहरुलाई तरकारी खेतीको माध्यम बाट आय आर्जनमा संलग्न गराउन | ३० जना | ० | ० | ० | व्यवसायहरु संचालनमा आएका छन । |
| गिफट परियोजना अन्तरगत के आई सि १, ३ मा ३१६ वाखा, ३ वोका | दलित तथा विपन्न समुदायको जिविकोपार्जनमा सुधार | १०९ घरधुरी | १०८ | १ | | वितरण गरिएको के आई सि गा.पा ३ वटा समुहमा ९९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वितरण । | | | | | | पाठा तथा ५५ पाठी भएका छन् । |
| उद्यमीहरुलाई सिलाई कटाई, संगुर पालन, बंगुर पालन, बाखापालन डोकोडालो बनाउने, कपडा पसल र खुद्रा पसल व्यवसायका लागी शुरुवाती सहयोग | समुदायमा परम्परात सिप भएका तर आर्थिक अवस्था कमजोर भई सान खाले व्यवसायमा आवद्ध नभएका मुक्त हलिया परिवारका सदस्यहरूलाई व्यवसायको माध्यम बाट आर्थिक अवस्थामा सुधार ल्याउन, आयआर्जनका बैकल्पिक उपायहरू अवलम्वन गरि जिविकोपार्जनमा सुधार गर्ने । | ३१ जना उद्यमीहरु | २६ | ५ | | व्यवसायहरु राम्रो संग संचालन भई दैनिक रुपमा रु १५०० सय देखि २००० सम्म आम्दानी भई रहेको, व्यापार फस्टाई रहेको, घर परिवार चलाउन, बाल बच्चा पढाउन सहज भएको र बचत गर्ने गरेको । |
| मुक्त हलियाका बालवालिकाहरुलाई छात्रवृती सहयोग (१ दर्जन कपी,१ दर्जन कलम १ वटा औजार बक्स १ थान झोला,जुत्ता,मोजा र १ थान स्कूल ड्रेस) | मुक्त हलिया समुदायका वालवालिकाहरूलाई छात्रवृत्ति सहयोगको माध्यमबाट नियमित विद्यालयमा गई, पठन पाठनमा सहज,पढाईलाई निरन्तरता, शैक्षिक स्तर बृद्धि गर्न र सक्षम बालवालिका निर्माण गर्ने । | १५० जना | ७६ | ७४ | १५० जना छात्रा | छात्रवृती सहयोग पाएका बालवालिकाहरु निरन्तर विधालय गई रहेका पठनपाठनमा सहज, पढाईलाई निरन्तरता र शैक्षिक स्तर बृद्धिमा सहयोग पुगेको छ । |

**यस वर्ष समन्वय र सहकार्य गरि सम्पन्न गरिएका क्रियाकलापहरू:**

| समन्वय र सहकार्य मार्फत सम्पन्न कार्यहरूको विवरण | समन्वय र सहकार्य गर्ने निकाय | के, कहाँ, कसरी, स्रोत परिचालन | कहिले |
|---|---|---|---|
| महिलाहरुको कार्यबोझमा कमी ल्याउन खानेपानी पाईप र मिल सहयोग | के आई सिंह गाउपालिका वडा नं. ७ | पालिका तथा वडा संगको सहकार्यमा महिलाहरुको कार्यबोझमा कमी ल्याउनको लागी के आई सिंह गाउपालिका वडा नं. ७ मा मिल र खानेपानी सहयोग गरिएको छ । यसमा पालिका र सम विकास केन्द्रको संयूक्त लगानी रहेको छ । | आ.व. २०८१/८२ |
| वालिका मैत्रि शौचालय र धारा निर्माण निर्माण | के आई सिंह केन्द्र र शिखर नगरपालिका | वालिकाहरुलाई महिनाबारी भएको भेला आराम गर्न र छुट्टै शौचालय प्रयोगको लागी वडा, विद्यालय र संस्थाको संयूक्त लगानीमा वालिकामैत्रि शौचालयय निर्माण कार्य सुरु भएको छ । साथै वालवालिकालाई पानी खानको लागी सहजताको लागी खानेपानी सहयोग गरिएको छ । | आ.व. २०८१/८२ |
| विभिन्न दिवशहरुमा सहकार्य | शिखर नगरपालिका, के आई सिंह गाउपालिका र दिपायल सिलगढी नगरपालिका | जिल्लामा समान चासो राख्ने संघ संस्थाहरुको सहकार्यमा सम्पन्न गरिएको छ । | आ.व. २०८१/८२ |
| नारी दिवस | के आई सि गाउपालिका तथा शिखर नगरपालिका महिला तथा वालवालिका शाखा संगको सयुक्त साझेदारीमा विभिन्न सचेतनामुलक कार्य | के आई सि गाउपालिका नारी दिवस सम्वन्धी गतिविधी संन्चालन रु ५००० सहयोग ।<br>के आई सि गाउपालिका नारी दिवस सम्वन्धी गतिविधी संन्चालन रु ५००० सहयोग । | आ.व. २०८१/८२ |
| अनुदानमा फलफुलका विरुवा वितरण | वडा संग समन्व्य गरेर शि.न.पा ९ लक्ष्मी समुहका १५ जनाले शिखर महिला समुहका १० जनाले अनुदानमा फलफुल का विरुवा वितरण प्राप्त गरेका छन्। | वडा संग समन्व्य गरेर | आ.व. २०८१/८२ |
| महिला हिंसा विरुद्ध १६ दिने अभियान<br>नारी दिवश<br>राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जातिय छुवाछुत उन्मुलन दिवश | शिखर नगरपालिका,दिपायल सिलगढी नगरपालिका र सायल गाउँपालिका र गैर सरकारी संघ संस्थाहरु | शिखर नगरपालिका,दिपायल सिलगढी नगरपालिका र सायल गाउँपालिकामा पालिका र संघ संस्थाहरुको समन्वय,सहकार्य र आर्थिक सहयोगमा यस परियोजनाले मुक्त हलियाका सवालमा गरेका कार्यहरु उपलब्धि | आ.व. २०८१/८२ |

| | | | |
|---|---|---|---|
| मुक्त हलिया दिवश | | र आगामी दिशा निर्देश वारेमा प्रतिवेदन प्रस्तुत,मुक्त हलिया आन्दोलन, वर्तमान अबस्था, चुनौति तथा आगामी वाटो वारेमा मुक्त हलिया समाज नेपालको आधार पत्र प्रस्तुत का साथै लक्षित समुदायले आफ्ना हक अधिकार र मागका बारेमा अन्तरकृया,पैरवी अभियान गरेका थिए । | |

**चुनौतीः**

| चुनौती | समाधानका लागि अपनाइएका उपायहरू |
|---|---|
| समुदायमा मागी विवाह रोकिए पनि भागी विवाह वढदै जानु । जसले गर्दा वाल विवाह रोक्न सकिएको छैन् । | कार्यक्षेत्रका किशोरी समुह र वाल क्लवलाई सामाजिक संजाल र साईवर क्राईमको वारेमा क्षमता विकास गरि वालविवाह विरुद्ध अभियानमा सक्रिय परिचालन गरिएको छ । |
| गरिवी र विपन्नताका कारण वालवालिकालाई विद्यालय नपठाएर कामका लागि आफुसंगै भारत लग्ने प्रचलन बढेको । (वसाई सराइ) | कार्यक्षेत्रका त्यस्ता वालवालिकाका अभिभावकहरुलाई छनौट गरि सानाखाले व्यवसायमा संलग्न गराउने गरिएको छ । |
| तरकारी खेतिमा आबद्ध व्यसायिक महिलाहरुले उत्पादित बस्तुहरुको उचित मुल्य नपाउदा व्यवसाय प्रतिको रुचि घट्दै जानु । | व्यवसायिक महिलाहरुलाई उत्पादन गरेको वस्तुको विषयमा स्थानिय तह संग सहकार्य गरि बजार व्यवस्थापनमा सहयोग गरिएको छ । |
| घरपरिवारको सहयोग नपाएर प्राय महिलाहरु व्यवसायमा जोडिन नसक्नु । | व्यवसाय संचालनको लागी सहयोग गर्नु पुर्व उक्त व्यक्तिको घर परिवार संग समेत छलफल गर्ने गरिएको छ । |
| स्थानिय सरकारहरुले अझै पनि एडभोकेसी टाईपको प्रोजेक्ट लाई हेर्ने दृष्टिकोण त्यति राम्रो भएको देखिदैन । | पहुच परियोजना संगै गिफट ब्लक सहयोग कार्यक्रमको कार्यान्वियनले स्थानिय सरकारसंगको सहकार्य बढेको । |
| ▪ परिचय पत्र नभएका छुट मुक्त हलिया परिवारले प्रदेश तहबाट प्राप्त हुने पुर्नस्थापनाका कार्यक्रम तथा अन्य सेवा सुविधाहरूबाट बञ्चित हुनु ।<br>▪ स्थानिय सरकारले मुक्त हलियाका पक्षमा कार्यक्रमहरू निर्माण र कार्यान्वियन गर्न नसक्नु । | ▪ छुट मुक्त हलियाको परिचय पत्र प्राप्तीका लागी,स्थानिय सरकार र सरोकारवालाहरु संग नियमित समन्वय भई रहेको ।<br>▪ मुक्त हलिया कार्यविधि निर्माण र पुनर्स्थापनाका कार्यक्रमहरु कार्यान्वियनको लागी छलफल,पैरवी अभियान र सम्मेलनका गतिविधिहरु संचालन गरिएको ।<br>▪ स्थानिय सरकारले मुक्त हलियाका पक्षमा कार्यक्रमहरू निर्माण र कार्यान्वियन गर्न ज्ञापन पत्र पेश र दवाब सिर्जना<br>▪ गरिएको । |

**सिकाई र आगामी योजनाः**

| सिकाईः | आगामि योजना ? |
|---|---|
| वालविवाह न्यूनिकरणका लागि १३ वर्ष देखि १९ वर्ष सम्मका किशोरीहरुलाई साईवर क्राइम र सामाजिक संजालका वारेमा सचेतना अभिबृद्धि गराउनु पर्छ । | किशोरीहरुको नेतृत्वमा अभियान संचालन गर्ने । |
| हिंसा तथा बिभेदमा संलग्न रहने सबै व्यक्ति तथा तत्वहरुको पहिचान गरि अभियानमा संलग्न गराउदा समुदायमा सकारात्मक प्रभाव पार्न सकिने । | विभिन्न किसिमका हिंसा को बारेमा छलफल गर्दा पुरुषहरुको पनि सहभागीता गराउने । |
| युवाहरुलाई बढि भन्दा बढि अभियानहरुमा संलग्न गराउदा उनिहरुमा आएको सकारात्मक सोचले समाज परिवर्तनमा सहयोग पुग्न सक्छ । | कार्यक्रममा युवा नेतृत्वलाई पहिलो प्राथमिकतामा राख्ने । |
| जलवायु न्यायको लागि स्थानिय तहलाई जिम्मेवार बनाउदा यसमा कमि ल्याउन सकिने । | जलवायु न्यायको विषयमा पालिकामा पालिकालाई बजेट विनियोजनामा पहल गर्ने |
| हिंसामा कमि ल्याउन बढि भन्दा बढि महिलाहरुको आर्थिक रुपमा आत्म निर्भर बनाउनु पर्छ । | हिंसा पिडित महिलाहरुलाई पहिचान गरि व्यवसायको लागी सहयोग गर्ने । |
| आगामी दिनमा साझेदारी कृयाकलाप तथा पालिकाको डिमाण्ड भएको कार्यमा योजना वनाई अगाडि वढ्ने । | संस्थागत लेवलवाट दातृनिकाय संग स्थानिय सरकारको माग भई आएको कार्यको लागि लवीङ्ग गर्ने । |

**समाप्त**